आज मिति २०७९ साल चैत्र १५ गते बुधबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को २४ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

आमन्त्रित :

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री दिपकराज जोशी - कृषि प्रसार अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. घ-वर्गको इजाजत पत्र दिने सम्बन्धमा ।
३. DPR अनुमोदन सम्बन्धमा ।
४. DPR सम्बन्धमा ।
५. रामजानकी मन्दिरको जग्गा खालि गराउने सम्बन्धमा ।
६. बायोग्याँस कार्यक्रम सम्बन्धमा ।
७. रासायनिक मलको दररेट घटाउन अनुरोध गर्ने सम्बन्धमा ।
८. नयाँ तरकारी बाली पकेट कार्यक्रम ।
९. निर्णय संशोधन सम्बन्धमा ।
१०. सुधार केन्द्रमा पठाउने सम्बन्धमा ।
११. योग कार्यक्रम संचालनको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
१२. वडा कार्यालयको निर्णय अनुमोदन सम्बन्धमा ।
१३. इजलाश उद्घाटन गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/१२/०१ गते बसेको आ.व. २०७९/०८० को २३ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिल बमोजिमका फर्महरुलाई घ-वर्गको इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

क) आयुस [illegible] एण्ड अमन कन्सट्रक्सन प्रा.लि., देवानगञ्ज-७, सुनसरी ।
ख) पंतजली बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि., देवानगञ्ज-३, सुनसरी ।
ग) एलिसा कन्सट्रक्सन प्रा.लि., देवानगञ्ज-३, सुनसरी ।
घ) अक्षर कन्सट्रक्सन प्रा.लि., देवानगञ्ज-२, सुनसरी ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस देवानगञ्ज गा.पा. बाट गरिएको तपसिल बमोजिमका आयोजनाको विस्तृत आयोजना प्रतिवेदन सन्तोषजनक पाईएकोले स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

क) कृषिका लागि देवानगञ्ज गा.पा.को ७ (सात) वटै वडामा सिचाइकरणको DPR।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका निर्माण हुने अमरसिंह पशु विज्ञान क्याम्पस तथा अस्पतालको भवन देवानगञ्ज गाउँपालिका वडा नं.३ स्थित ३ नं.वडा कार्यालयको उत्तर दिशाको सार्वजनिक जग्गामा निर्माण गर्ने तथा उक्त भवन निर्माणको विस्तृत आयोजना प्रदिवेदन निर्माण कार्य तत्कालै सुरुवात गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०७९/०९/२२ गतेको कार्यपालिका बैठकबाट रामजानकी मन्दिरको जग्गा खालि गराउने निर्णय भए बमोजिम सार्वजनिक सूचना समेत जारि गरिसकिएकोमा मन्दिरको जग्गा भोगचलन गरिरहेका नागरीकहरुबाट आफ्नो बसोबासको बैकल्पीक व्यवस्था नभएकोले २०८० असार मसान्तसम्ममा नयाँ घर निर्माण सम्पन्न गरि मन्दिरको जग्गा खालि गरिसक्ने गरि माग निवेदन पेश भएको हुँदा २०८० साल असार मसान्त सम्ममा जग्गा खालि गर्ने समय उपलब्ध गराउने तथा असार मसान्त सम्ममा पनि जग्गा खालि नगरेमा जुनसुकै समयमा विना सूचना मन्दिरको जग्गामा निर्माण भएका निजी घर टहरा तथा संरचना भत्काउने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. भित्रका विभिन्न वडाहरुमा रु. ८,००,०००/- (अक्षरेपी आठ लाख रुपैया मात्र) नबढ्ने गरी बायोग्याँस प्लान्ट निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकारको निर्णय बमोजिम अनुदानको रासायनिक मलको मूल्य वृद्धि भएको अवधिमा साल्ट ट्रेडिङ्ग कर्पोरेसन लि. बाट खरिद भएको रासायनिक मल विक्रि नभइकनै नेपाल सरकारले मूल्य वृद्धि फिर्ता लिएको तथा साल्ट ट्रेडिङ्ग कर्पोरेसनबाट मिति २०७९/१२/१० मा रकम फिर्ता गर्न नसकिने पत्रचार भएको हुँदा साल्ट ट्रेडिङ्ग कर्पोरेसन लि. लाई रकम फिर्ता गर्ने वा बिक्रि नभएको तपसिल बमोजिमका डिलरको मल फिर्ता लिन पत्रचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | सहकारीको नाम | बिल मिति | मलको परिमाण | |
|---|---|---|---|---|
| | | | यूरिया (बोरा) | डिएपी (बोरा) |
| १ | श्री गान्धी कृषि सहकारी संस्था लि., देवानगञ्ज-२ | २०७९/१२/०५ | १७३ | ३०० |
| २ | मिलनशिल बचत तथा ऋण सहकारी संस्था लि., देवानगञ्ज-३ | २०७९/१२/०५ | ०० | ५० |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा संघिय सरकार बाट शसर्त अनुदानको रुपमा प्राप्त नयाँ तरकारी बाली पकेट कार्यक्रम सम्बन्धमा कृषि शाखामा आवेदन दिएका मध्ये कृषि शाखाबाट पेश भएका कृषि फर्म, कृषक समुह तथा सहकारी संस्थालाई स्वीकृत गरी कम्पोष्ट पिट निर्माण कार्यको लागि तपसिल बमोजिमको लागतमा संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

क) कृषक समुह - प्रति समुह रु.४०,०००/- (चालिस हजार रुपैया मात्र)

ख) कृषि फर्म - प्रति फर्म रु.१५,००० /- (पन्ध्र हजार रुपैया मात्र)

ग) कृषि सहकारी - प्रति सहकारी रु. १,००,०००/- (एक लाख रुपैया मात्र)

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७९/०६/३० गतेको सातौं कार्यपालिका बैठकको निर्णय नं.५ मा साना सिचाई मोटर खरिद ३ एच.पि.को भन्ने उल्लेख भएको तर अनुदानको विषय उल्लेख नभएकोले ८० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका वडा नं. ६ बस्ने अन्दाजी वर्ष २२ को शंकर उँराव मानसिक सन्तुलन खराव भई गाउँघरमा असहज कृयाकलाप देखाउने गरेको र निजलाई नियन्त्रण नगर्दा समाजमा ठुलै घटना हुन सक्ने भन्ने गुनासो आएकोले निज शंकर उँरावलाई सुधार गृहमा पठाउने र उक्त सुधार गृहमा लाग्ने अधिकतम ९० दिनको खर्च गाउँपालिकाबाट व्यवस्थापन गर्ने सर्वसम्बत निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.२ स्थित पानीटंकी देखि दक्षिण तर्फको वालविकास केन्द्र रहेको जग्गा हाल प्रयोजनहिन अवस्थामा रहेकोले तत्कालका लागि पतन्जली दैनिक योग केन्द्रको माग निवेदन बमोजिम दैनिक योग कार्य संचालन गर्नका लागि उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं. २ को वडा समितिको २०७९ फागुन ५ गतेको बैठकको निर्णय नं.२ र ४ मा उल्लेखित तपसिल बमोजिम अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

क) वडा कार्यालयले नियुक्त गरेको सरसफाई कर्मचारीलाई तलब भुक्तानी दिने ।

ख) हाटबजारमा रहेको शौचालयमा रहेको रिङ, धारा, पानी टंकी व्यवस्थापन खर्च भुक्तानी दिने ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. मा निर्माण भएको न्यायीक इजलास मिति २०७९/१२/१७ गते शुक्रबार गा.पा. अध्यक्ष ज्यूबाट उद्घाटन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.- १३ को निर्णयमा मेरो असहमति छ।
न्यायिक समिति संयोजक -